# लुम्बिनी विकास बैंक लि.

॥

॥

॥

## १८औं
## वार्षिक साधारण सभाको

॥

॥

॥

## निर्णय विवरण (माईन्यूटस्)

॥

॥

॥

२०८२ पौष ३० गते

# लुम्बिनी विकास बैंक लि.

**१८औं**
**वार्षिक साधारण सभाको**
**निर्णय विवरण (माईन्यूटस्)**

## १. प्रारम्भिक :

यस लुम्बिनी विकास बैंक लि. को मिति २०८२ पौष ८ गते बसेको सञ्चालक समितिको ५१५ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम बोलाईएको १८औं बार्षिक साधारण सभा बैंकको सञ्चालक समिनिका अध्यक्ष नथा साधारण सभाका सभापति श्री चिन्तामणी भट्टराईज्यूले पानसमा दीप प्रज्वलन गरि समुद्घाटन गर्नुभयो । उक्त सभा सम्बन्धी विस्तृत विवरणहरु तपसिल बमोजिम रहेका छन् ।

**वार्षिक साधारण सभा सम्पन्न भएको**

| | |
|---|---|
| मिति | : २०८२ पौष ३० गते, बुधबार, (तद्नुसार सन् १४ जनवरी, २०२६) |
| समय | : बिहान १० : ०० बजे देखि |
| स्थान | : अमृतभोग, कालिकास्थान, काठमाण्डौ । |

## २. उपस्थिति :

**(क) सञ्चालकहरु :**

| | | | |
|---|---|---|---|
| १. | श्री चिन्तामणी भट्टराई | - | अध्यक्ष (संस्थापक शेयरधनीको तर्फबाट) |
| २. | श्री प्रजन प्रधान | - | सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट) |
| ३. | श्री रामचन्द्र सिग्देल | - | सञ्चालक (संस्थापक शेयरधनीको तर्फबाट) |
| ४. | श्री अर्जुन थापा | - | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ५. | श्री गणेशराज रेग्मी | - | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ६. | श्री केशव खतिवडा | - | सञ्चालक (सर्वसाधारण शेयरधनीको तर्फबाट) |
| ७. | श्री जयदेव श्रेष्ठ | - | सञ्चालक (स्वतन्त्र) |

**(ख) कर्मचारीहरु**

| | | | |
|---|---|---|---|
| १. | श्री नरेश सिंह बोहरा | - | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| २. | श्री उमेश रेग्मी | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री सुमन आचार्य | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री हरि कृष्ण सुवेदी | - | मुख्य प्रबन्धक/कम्पनी सचिव |
| ५. | श्री दिपक खनाल | - | मुख्य प्रबन्धक |
| ६. | श्री सुजन भट्टराई | - | प्रमुख लेखा विभाग |

(ग) **आमन्त्रित/पदाधिकारीहरु :**

१. श्री श्याम कुमार खत्री - कानूनी सल्लाहकार

२. श्री पवनराम भट्टराई - कानूनी सल्लाहकार

**(घ) उपस्थित शेयरधनीहरुको विवरण :**

| विवरण | संस्थापक | | सर्वसाधारण | | कुल |
|---|---|---|---|---|---|
| | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | |
| शेयरधनी संख्या | १२४ | ५८ | ५२३ | ६४ | ७६९ |
| शेयर संख्या | १,६३,६९,३८० | | ३१,२५,३३१ | | १,९४,९४,७११ |

३. **सभाको बैधानिकता :**

**(क) सभाको बारेमा सार्वजनिक सूचना :**

यस विकास बैंकको १८औं वार्षिक साधारण सभा शुरु हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार सभाका सभापति श्री चिन्तामणी भट्टराईको आज्ञाले कम्पनी सचिव श्री हरि कृष्ण सुवेदीले उपस्थित शेयरधनीहरु समक्ष देहायका विवरणहरु प्रस्तुत गर्नुभयो ।

१. लुम्बिनी विकास बैंकको १८औं वार्षिक साधारण सभाको सभा हुने मिति, स्थान, समय र छलफलका विषय बारेको पहिलो सूचना साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुको जानकारीको लागि मिति २०८२ पौष ९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक तथा दोश्रो पटक मिति २०८२ पौष १७ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका विषयहरु उपर छलफल गर्न मिति २०८२ पौष ३० गते बुधबार आयोजित १८औं वार्षिक साधारण सभामा स्वयं तथा प्रोक्सी मार्फत विकास बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५३% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी उपस्थिती जनाई सकेको हुँदा साधारण सभा बैधानिक भएको व्यहोरा कम्पनी सचिवद्वारा साधारण सभामा जानकारी गराईएको थियो ।

**(ख) गणपुरक संख्या :**

विकास बैंकको शेयरधनी कायम भएका शेयरधनीहरु तथा उनीहरुले लिएको साधारण शेयरको विवरण देहाय बमोजिम रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कुल संख्या | शेयरधनी | ३९२ | ४७,५४५ | ४७,९३७ |
| | शेयर | १८,४८३,३४७।४० | १७,७५३,४३४।२२ | ३६,२३६,७८१।६२ |

कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या (बैंकका शेयरधनीहरुको स्वयं तथा प्रतिनिधि मार्फत भएको उपस्थिती एवं उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या) देहाय बमोजिम रहेको थियो ।

| जम्मा शेयर तथा शेयरधनी | | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल उपस्थिति प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | ३,५१,८१,३४१.३७ | ३७,८४,७३६ | १,४९,८४,३७० | १,८७,६९,१०६ | ५३.८०% |
| शेयरधनी | ४७,९३७ | ६४७ | १२२ | ७६९ | |

शेयरधनीहरुको उपस्थिति विवरणको जानकारी दिँदै प्रचलित कानून बमोजिम बोलाईएको १८औं वार्षिक साधारण सभामा बैंकको नियमावलीको प्रावधान र कम्पनी ऐन, २०६३ को दफा ७३ (२) को गणपुरक सम्बन्धी प्रावधान बमोजिम यस १८औं वार्षिक साधारण सभामा पेश गरिएका प्रस्तावहरुमा निर्णय लिन समेत आवश्यक गणपुरक संख्या पुगेको हुँदा सभापतिज्यूले सभा शुभारम्भ गर्नुभयो ।

४. **सभाको सभापतित्व :**

वार्षिक साधारण सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री चिन्तामणी भट्टराईज्यूले १८औं वार्षिक साधारण सभाको सभापतित्व गर्नुभयो । तत्पश्चात उपस्थित/सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै छलफलका लागि तय गरिएका विषयहरु अनुसार साधारण सभाको कार्यक्रम अगाडि बढाउनु भयो ।

५. **छलफलका लागि प्रस्तावहरुको प्रस्तुति :**

१८औं वार्षिक साधारण सभाका सभापति एवं लुम्बिनी विकास बैंक सञ्चालक समितिका अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन लगायत अन्य सामान्य तथा विशेष प्रस्तावहरु समेत साधारण सभामा प्रस्तुत गर्नुभयो । आ.व. २०८१/८२ मा विकास बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको उल्लेख गर्दै विकास बैंकको भावी रणनीति र अहिलेको आर्थिक परिदृष्य बारे सभामा जानकारी गराउनुभयो । साथै, विकास बैंकको प्रगतिको लागि आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने नियामक निकायहरु, लेखापरीक्षक, कानूनी सल्लाहकार, ग्राहकवर्ग, बैंक व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरुलाई स्वागत गर्नुभयो ।

तत्पश्चात अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिव श्री हरि कृष्ण सुवेदीले साधारण सभाबाट पारित गर्नुपर्ने प्रस्तावहरु सभा समक्ष निम्न अनुसार बुँदागत रुपमा पेश गर्नुभयो ।

**छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री श्याम कार्की एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस् पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।)

४) कम्पनी ऐन २०६३ बमोजिम बैंकमा रिक्त रहेको सञ्चालक पदमा मिति २०८२/०२/०८ मा गरिएको श्री प्रजन प्रधानज्यूको नियुक्तिलाई अनुमोदन गर्ने ।

ख) विशेष प्रस्तावहरु :

१) यस विकास बैंकमा अन्य कुनै बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२) बैंकले आ.ब. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग)ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

ग) विविधः

विविध अर्न्तगत कुनै प्रस्ताव नरहेको ।

६. **छलफलको लागि आह्वान :**

तत् पश्चात १८औं वार्षिक साधारण सभामा छलफलको लागि तय गरिएका निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए बमोजिम प्रस्तावहरु उपर छलफलका लागि आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई छलफलमा सहभागी हुन अध्यक्षज्यूबाट अनुरोध भयो ।

७. **छलफलमा सहभागी हुने शेयरधनीहरु :**

साधारण सभामा प्रस्तुत विषय उपर छलफलका लागि अध्यक्षज्यूबाट अनुरोध भए पश्चात् देहायका शेयरधनी महानुभावहरुले छलफलमा सहभागी भई आ-आफ्नो विचार, मन्तव्य, जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो ।

१. श्री गुणराज भट्ट
२. श्री भक्ति प्रसाद उप्रेती
३. श्री महेन्द्र बहादुर श्रेष्ठ
४. श्री डमरु बल्लभ घिमिरे
५. श्री रामजी प्रसाद बास्तोला
६. श्री चन्द्र नारायण श्रेष्ठ (लिखित मन्तव्य)
७. श्री नरसिंलाल चंखु (लिखित मन्तव्य)
८. श्री व्यास कुमार शर्मा (लिखित मन्तव्य)
९. श्री निरुपमा गुप्ता (लिखित मन्तव्य)
१०. श्री जगन्नाथ आचार्य (लिखित मन्तव्य)
११. श्री कृष्ण प्रसाद अधिकारी (लिखित मन्तव्य)
१२. श्री सुरेन्द्र चिमौरिया (लिखित मन्तव्य)

८. **छलफलमा सहभागी शेयरधनी महानुभावहरुबाट व्यक्त गरिएका मन्तव्य, जिज्ञासा तथा सुझावहरुको संक्षिप्त विवरण :**

१८औं वार्षिक साधारण सभामा आ-आफ्ना धारणा प्रस्तुत गर्नुहुने अधिकांश शेयरधनीहरुले विश्व अर्थतन्त्रमा आएको मन्दीको कारण हाम्रो देशको समग्र अर्थतन्त्रमा शिथिलता आएको अवस्थामा समेत लुम्बिनी विकास बैंकको सुचकाङ्कहरु सकारात्मक नै रहेको धारण व्यक्त गर्नुभयो । साथै मन्तव्यको क्रममा छलफलमा सहभागी शेयरधनी महानुभावहरुले बैंकलाई अझै सबल बनाउन कर्जा अशुली कार्यलाई उच्च प्राथमिकतामा राख्नुपर्ने, ग्राहक संख्यालाई बृद्धि गर्नुपर्ने, गैर बैंकिङ्ग सम्पत्ति, कर्जा अपलेखन र नियामकिय कोषलाई सुधार गर्दै जानुपर्ने, एवं आगामी दिनमा समयमै साधारणसभा सम्पन्न गर्न समेत सुझाव गर्नुभयो ।

९. **मन्तव्य, जिज्ञासा तथा सुझावहरुको जवाफ :**

लुम्बिनी विकास बैंकको १८औं वार्षिक साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरुका सम्बन्धमा सञ्चालक समितिका अध्यक्ष श्री चिन्तामणी भट्टराईज्यूले साधारण सभामा शेयरधनीहरुबाट प्राप्त जिज्ञासा, मन्तव्य तथा राय सुझावहरु विकास बैंकको प्रगतिको लागि महत्वपूर्ण कोशेढुङ्गा साबित हुने बताउँदै शेयरधनीहरुबाट प्राप्त अमुल्य राय सुझाव तथा टिप्पणीहरुलाई मार्गदर्शनको रुपमा लिई अगाडि बढ्ने बताउनु भयो । अध्यक्षज्यूले लुम्बिनी विकास बैंकले शेयरधनीहरुलाई निरन्तर प्रतिफल दिने बताउदै शेयरधनीहरुबाट प्राप्त अमुल्य मन्तव्य तथा राय सुझावहरुका लागि धन्यवाद दिनुहुँदै सुधारका कार्यलाई दृढताका साथ अगाडि बढाईने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

१०. **पारित प्रस्ताव तथा निर्णयहरु :**

अध्यक्षज्यूबाट जवाफ प्रस्तुत गरे पश्चात् साधारण सभामा पूर्व सूचित छलफलका विषयहरु पारित गर्न शेयरधनीहरु समक्ष पेश गरिएका प्रस्तावहरुमा ताली बजाइ पारित भएको जनाउ दिनुहुन सभापतिज्यूले अनुरोध गर्नुभयो । तत्पश्चात सभापतिज्यूको निर्देशन बमोजिम लेखापरीक्षण समितिका संयोजक श्री गणेशराज रेग्मीज्यूले साधारण प्रस्ताव अर्न्तगतको बुदा नं ३ मा उल्लेखित कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति सम्बन्धी प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु भयो । तत्पश्चात बाँकी साधारण तथा विशेष प्रस्तावहरु कम्पनी सचिव श्री हरि कृष्ण सुवेदीले क्रमैसंग साधारणसभा समक्ष पेश गरेपछि प्रत्येक प्रस्तावमा शेयरधनी महाभुमावहरुले ताली बजाएर स्वीकृति प्रदान गर्नु भएकोले सभापतिज्यूले तपशिलमा उल्लेख भए बमोजिम पेश गरिएका सबै प्रस्तावहरु १८औं वार्षिक साधारण सभाबाट पारित भएको जानकारी सभा समक्ष गराउनुभयो ।

**क) साधारण प्रस्ताव तर्फ :**

१) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गरियो ।

२) लुम्बिनी विकास बैंक लि. को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण तथा तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गरियो ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ मा भएको व्यवस्था अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा बैंकको लेखापरीक्षण समितिमा प्राप्त प्रस्तावहरु मध्येबाट छनौट गर्ने सन्दर्भमा विकास बैंकको लेखापरीक्षण समितिको मिति २०८२/०९/१७ मा बसेको बैठकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६१(ङ) को प्रावधान बमोजिम श्री श्याम कार्की एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्, श्री खगेन्द्र एण्ड एसोसिएटस्, चार्टर्ड एकाउण्टेण्टस् र डि.एस.के. एण्ड एसोसिएटस्, चार्टर्ड एकाउण्टेण्टस् मध्येबाट छनौट गर्न आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षकमा नियुक्तिको लागि सिफारिस गरेकोमा उपरोक्त प्रस्तावकहरु उपर साधारण सभामा छलफल पश्चात श्री श्याम कार्की एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्सबाट प्रस्तावित लेखापरीक्षण शुल्क अन्य प्रस्तावकहरुको तुलनामा न्यून पर्ने देखिएको, गत आ.ब.मा यसै विकास बैंकको बाह्य लेखापरीक्षकको रुपमा सन्तोषजनक कार्य सम्पन्न गरेको अनुभव रहेको, कम्पनीको साख, समेतका आधारमा मुल्याङ्कन गरी आ.व. २०८२/८३ को लेखापरीक्षण (बाह्य लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्ग फर्म अडिट, कम्पनी ऐन २०६३ को दफा ७८ प्रमाणिकरण तथा धितोपत्र बोर्डको संस्थागत सुशासन प्रतिवेदन प्रमाणिकरण) सम्पन्न गर्न लेखापरीक्षणका क्रममा हुने भ्रमण खर्च, खान बस्न खर्च र मु.अ.कर समेत गरी कुल रु.२०,००,०००/- (अक्षरेपी बीस लाख मात्र) मा श्री श्याम कार्की एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्टस्लाई आ.व. २०८२/८३ को लागि बाह्य लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव पारित गरियो ।

४) कम्पनी ऐन २०६३ बमोजिम बैंकमा संस्थापक शेयरधनी स्याकार कम्पनीको तर्फबाट सिफरिस भएबमोजिम सञ्चालक पदमा मिति २०८२/०२/०८ मा गरिएको श्री प्रजन प्रधानज्यूको नियुक्तिलाई अनुमोदन गर्ने प्रस्ताव पारित गरियो ।

**ख) बिशेष प्रस्तावहरु :**

१) यस विकास बैंकमा अन्य कुनै बैंक तथा वित्तीय संस्था गाभ्ने गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याङ्कनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियो ।

२) बैंकले आ.ब. २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको तपशिल बमोजिमको संस्थागत सामाजिक उत्तरदायित्व शीर्षक अर्न्तगतको खर्च अनुमोदन गर्ने विशेष प्रस्ताव पारित गरियो ।

- कास्कीको पोखरा १७, स्थित साहारा क्लब पोखरामा आश्रित अनाथ बालकहरुको संरक्षण व्यवस्थापन तथा खेलकुद सामाग्री बापत प्रदान गरिएको सहयोग रकम रु. २,४५,०००/मात्र,
- त्यस्तै बिरेन्द्रनगर, सुर्खेतमा सञ्चालित प्रशान्ति विद्याश्रम केन्द्रलाई लुगा धुने मेसिन उपलब्ध गराईए बापतको सहयोग रकम रु १,१८,१९० मात्र
- त्यस्तै नेपाल नेत्रज्योति संघ, तारातालमा बिरामीहरु बस्ने व्यवस्थाको लागि फर्निचर उपलब्ध गराए बापतको सहयोग रकम रु १,१०,०००/ मात्र ।

**ग) विविधः**

विविध अर्न्तगत कुनै प्रस्ताव नभएको ।

११. निर्णय पुस्तिकामा हस्ताक्षर :

यस १८औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार वार्षिक साधारण सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले संयुक्त रुपमा दस्तखत गर्ने निर्णय गरियो ।

१२. धन्यवाद ज्ञापन :

अध्यक्षज्यूबाट सभामा छलफलका लागि तोकिएका विषय सूचीमा उल्लेख भएका सबै विषयहरुमा छलफल गरी निर्णय लिई सकिएकोले यस १८औं वार्षिक साधारण सभा सौहार्द्रपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु तथा उपस्थित सम्पुर्ण महानुभावहरु, कानूनी सल्लाहकारहरु, पत्रकार मित्रहरु, बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लि., बैंकका कर्मचारीहरु, शुभचिन्तकहरु तथा प्रत्यक्ष परोक्ष रुपमा अमुल्य सहयोग गर्नुहुने सबैलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१३. सभा विसर्जन :

आजको यस १८औं बार्षिक साधारण सभामा छलफलको लागि प्रस्तुत साधारण तथा बिशेष प्रस्ताव सहितका विषय-सूची अर्न्तगतका सबै प्रस्तावहरु पारित भएको व्यहोरा जानकारी गराएपछि लुम्बिनी विकास बैंक लि. सञ्चालक समितिका अध्यक्ष तथा १८औं वार्षिक साधारण सभाका सभापति श्री चिन्तामणी भट्टराईले साधारण सभावाट पारित निर्णयहरु कार्यान्वयनको लागि व्यवस्थापनलाई निर्देशन दिनुहुँदै सभा समापन भएको घोषणा गर्नुभयो ।

हरि कृष्ण सुवेदी
कम्पनी सचिव

चिन्तामणी भट्टराई
अध्यक्ष- सञ्चालक समिति
मिति: २०८२/०९/३०